प्रदेश सरकारको प्रतिबद्धताः "समृद्ध लुम्बिनी, खुसी नागरिक"

# लुम्बिनी प्रदेश सरकार गठनको एक वर्ष

**(२०८१ श्रावण ९ गते देखि २०८२ श्रावण ८ गते सम्म)**

# प्रमुख उपलब्धीहरु

**लुम्बिनी प्रदेश सरकार**

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राप्ती उपत्याका, देउखुरी नेपाल**

**मितिः २०८२ श्रावण ८ गते**

# लुम्बिनी प्रदेश सरकारको एक वर्षको मुख्य उपलब्धिहरु

**(२०८१ श्रावण ९ देखि २०८२ श्रावण ८ गते सम्म)**

मिति २०८१ श्रावण ९ गते गठन भएको वर्तमान प्रदेश सरकारको एक वर्षको अवधिमा नीतिगत एवम कानुनी सुधार, शासकीय सुधार तथा सुशासन प्रवर्धन, विकास व्यवस्थापन, वित्तीय क्षेत्र सुधार, पर्यटन प्रवर्धन, सूचना प्रविधिको विकास तथा प्रयोग, जनगुनासो संवोधन जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी कार्यसम्पादन गरिएको छ। प्रदेश सरकारको एक वर्षको मुख्य विषय क्षेत्रगत मुख्य उपलब्धि देहायबमोजिम रहेका छन्।

## १. कानुन निर्माणमा तिव्रता

प्रदेश सभा तथा प्रदेश सरकारबाट नीतिगत एवम कानुनी सुधारका लागि विभिन्न कानुन, कार्यविधि एवम् निर्देशिका जारी गरिएको, कानुनमा आवश्यक संशोधन, परिमार्जन र केही अत्यावश्यक कानुन एवम् कार्यविधि स्वीकृतिको अन्तिम चरणमा रहेक छन भने केही कानुन निर्माणको लागि मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति दिइएको अवस्था छ। यस अवधिमा ७ वटा मुख्य ऐन निर्माण भएको छ।

क. **कानुन निर्माणको संख्यात्मक अवस्था -** यो वर्ष मुख्य ७ वटा ऐन र ४ वटा नियमावली निर्माण भएकाछन। प्रदेश स्थापना देखि हाल सम्म ८४ वटा भन्दा बढी ऐन ३० भन्दा बढी नियमावली तर्जुमा भइ कार्यान्वयनमा रहेका छन्।

ख. प्रदेशको अधिकार क्षेत्र भित्र निर्माण गर्नु पर्ने कानुनको पहिचान गर्न गठित कार्यदल बाट प्रतिवेदन प्राप्त भइ निर्माण गर्नु पर्ने थप कानुनहरुको पहिचान गरी केही थप कानुन निर्माणको प्रकृयामा प्रदेश सरकार अघि बढेको छ।

## २. कानूनी प्रतिरक्षा र फैसला कार्यान्वयनः-

प्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाइ दायर भएका मुद्दामा सर्वोच्च अदालत, उच्च अदालत तुलसीपुर, उच्च अदालत तुलसीपुर बुटवल इजलास, उच्च अदालत तुल्सिपुर नेपालगञ्ज इजलास, जिल्ला अदालतहरूमा मुख्यान्यायाधिवक्ता मार्फत बहस पैरवी गर्ने गरिएको छ। प्रदेश सरकारलाई विपक्षी बनाई आ.व. २०८०।८१ मा ९५ वटा रिट दायर भएको र एक वर्षको अवधिमा ९७ वटा थप भई जम्मा १९२ वटा मुद्दा विभिन्न अदालतमा दायर भएकोमा यस अवधिमा ९३ वटा मुद्दा फैसला भएक छन। प्रदेश सरकारको तर्फबाट भएको प्रतिरक्षाको कारण ५४ वटा मुद्दामा प्रदेश सरकारको पक्षमा फैसला भएको छ ।

## ३. एक वर्षमा निर्माण भएका मुख्य कानुनहरु

**क.** प्रदेश निजामती सेवा ऐन, २०८० (पहिलो संशोधन,२०८१) र प्रदेश निजामती सेवा नियमावली २०८० (पहिलो संशोधन, २०८१)

**ख.** स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०८१ र नियमावली, २०८१

**ग.** प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

**घ.** औद्योगिक प्रवर्द्धन ऐन,२०८१

**ङ.** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि ऐन, २०८१

**च.** स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ (परिमार्जन गरिएको)

**छ.** लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान विधेयक प्रदेश सभामा पेश गरिएको ।

**ज.** लुम्बिनी प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, दलित अधिकार ऐन निर्माणका लागि र चलचित्र विधेयक तयार गर्न मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृती प्रदान गरिएको ।

## ४. सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार सहितको प्रभावकारी सेवा प्रवाहः-

भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति सहित सुशासन प्रवर्द्धन, भ्रष्टचार न्यूनीकरण र शासकीय सुधार सहितको सार्वजनिक सेवा प्रवाहलाई प्राथमिकतामा राखिएको छ। प्रदेश सरकार र मातहतका निकायहरुको आर्थिक प्रशासनलाई व्यवस्थित, नियमित, मितव्ययी, प्रभावकारी र पारदर्शी बनाउन सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिकाको कडाइका साथ कार्यान्वयन गरिएको छ। यस क्षेत्रमा गरेका मुख्य कार्यहरु निम्नानुसार रहेका छन्।

**क.** चालु खर्चलाई यथासंभव मितव्ययी वनाउने प्रयास गरिएको छ। यस क्रममा पूर्व विशिष्ट पदाधिकारीलाई दिईदै आएको सेवा सुविधा (सवारी साधन, इन्धन, मर्मत लगायत) फिर्ता गराउने सम्बन्धी निर्णय गरी पूर्णतः कार्यान्वयनमा ल्याइएको छ। जग्गा एकीकरण सम्बन्धी निर्देशक समितिका विज्ञ सदस्यको सुविधा पुनरावलोकन गरी न्यूनतम सुविधा कायम गरिएको छ। अन्य चालु खर्च समेत घटाउँदै लगिएको छ ।

**ख.** लुम्बिनी प्रदेशको सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच बर्षे रणनीतिक कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा लगिएको छ। कार्ययोजनामा नैतिकता र सदाचारिता प्रवर्द्धनसम्बन्धी विभिन्न ११ वटा प्रमुख विषयक्षेत्र, रणनीति कार्यान्वयनका लागि १०० बढी क्रियाकलाप, जिम्मेवार निकाय, नतिजा सूचक र कार्यान्वयन संयन्त्र समेत समावेश रहेको, यसको कार्यान्वयनमा प्रदेश सरकार प्रतिवद्धताका साथ अघि बढेको छ।

**ग.** सुशासन र सदाचारिता प्रवर्द्धनका लागि सार्वजनिक, पदीय एवम् पेशागत, आचरणगत विविध व्यवस्था सहितको प्रदेश सरकारका मा.मुख्यमन्त्री र मा.मन्त्रीहरुका लागि आचारसंहिता जारी गरी लागू गरिएको छ।

**घ.** आर्थिक अनुशासन तथा मितव्ययीतालाई सचिव बैठकको नियमित कार्यसूची बनाइ छलफल गर्ने गरिएको छ। चालु खर्च तर्फको बजेट विनियोजनलाई समेत घटाउँदै लगिएको छ।

**ङ.** प्रदेश सरकारका सबै निकायमा सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि, आर्थिक मितव्ययिता, सूचना व्यवस्थापन, गुनासोको प्रभावकारी सम्बोधन, सार्वजनिक जवाफदेहिता र सुशासन प्रवर्धन गर्ने उद्देश्यले १४ बुँदे निर्देशन जारी गरी कार्यान्वयनमा ल्याउनुको साथै कार्यान्वयन अवस्थाको निरन्तर अनुगमन गर्ने गरिएको छ।

**च.** प्रदेशको संगठन संरचना, कार्यबोझ, जिम्मेवारी, दरबन्दीको आवश्यकता, सरकारको आर्थिक सबलता लगायतका विषयमा ध्यान दिई संरचना तथा दरबन्दी पुनरावलोकन गरी उद्देश्योन्मुख एवम नतिजामूलक बनाउन विज्ञ सहितको टोलीवाट विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको छ ।

**छ.** सरकारी कार्यक्रम संचालन गर्दा संभव भएसम्म सरकारी हलको प्रयोग गर्ने, भ्रमणका क्रममा सरकारी आवासको प्रयोग गर्ने लगायतका कार्यलाई उच्च प्रतिवद्धताका साथ पालना गरिएको छ । स्थानीय उत्पादन सीप तथा स्वरोजगारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ स्वागत, विदाई, आतिथ्यता ग्रहणजस्ता औपचारिक समारोहमा आयातित खादा, मालाको प्रयोगलाई पूर्ण रुपमा निषेध गरिएको छ ।

**ज.** आ. व. २०८१/८२ देखि पाँच लाख वा सोभन्दा माथिका सबै आयोजना/कार्यक्रम अनिवार्य रुपमा प्याकेजिङ गरी टेण्डर प्रकृयाबाट सार्वजनिक प्रतिस्पर्धाका आधारमा गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएको छ। यसरी बचत हुने रकमलाई गत आ.व.को दायित्व भुक्तानी गर्नेगरी व्यवस्थापन गरिएको।

**झ.** शासकीय सुधार, सेवा प्रवाह, विकास व्यवस्थापनका सन्दर्भमा विज्ञ सहित उच्चस्तरीय नीति सम्वाद (Policy Dialogue) जस्ता कार्यक्रम संचालन गरी प्राप्त सुझाव कार्यान्वयनमा लैजाने अभ्यासको थालनी गरिएको छ।

**ञ.** मुख्यमन्त्रीको कार्यालयलाई सेवाग्राहीमैत्री, गुनासो रहित तथा लुम्बिनीको झ-झल्को देखिने गरि सजावट गरिएको छ।

**ट.** नेपाल सरकार, हेलो सरकारबाट आएका गुनासो संवोधन समयमै गरिएको छ। प्रदेश तहमा नागरिकले गुनासो, सुझाव, पृष्ठपोषण सहज ढङ्गले दिने गरी वेबसाइट, पारदर्शी गुनासो पेटिका तथा क्यू.आर. कोड जस्ता विधि प्रयोगमा ल्याइएको छ।

ठ. मुख्यमन्त्री कार्यालय र समग्र प्रदेश सरकारको कामकारबाही उपर पर्ने गरेका उजुरी र गुनासोहरु उल्लेख्य रुपमा घटेको छ। यसबाट प्रदेश सरकारको कामकारवाहीमा पारदर्शिता जवाफदेहितामा वृद्धि भएको देखिएको छ।

**५. <u>प्रदेशको राजश्व,आम्दानी र खर्चको प्रगति</u>**

एक वर्षको अवधिमा प्रदेशको आन्तरिक राजस्व गत आर्थिक वर्षको तुलनामा उल्लेख्य वृद्धि गर्न प्रदेश सरकार सफल भएका छ। विभिन्न नीतिगत सुधार र उपलब्ध स्रोत साधन तथा प्रदेशको अधिकार क्षेत्र भित्रको राजश्व र करको विषयमा सामयिक सुधार र सम्भावित क्षेत्रको खोजी बाट यो सम्भव भएको हो। यो प्रगतिको तथ्याङ्कले आत्मनिर्भर प्रदेशको लक्ष्य प्राप्ति तर्फ अघि वढेको छ।

६. <u>बिगत तीन वर्ष देखिको आन्तरिक आम्दानीको अवस्था</u>

| **विवरण** | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| आन्तरिक आम्दानी (रु) | ४,१२,८६,१५,१५४ | ४,६३,०३,८३,२०४ | ५,६४,५९,६२,१८३ |
| अनुमानित लक्ष्य (रु) | ७,२८,९४,००,००० | ८,६८,८१,००,००० | १०,९३,५७,००,००० |
| लक्ष्यको तुलनामा प्रगति | **४३.३६%** | **४६.७०%** | **५१.६३%** |
| गत आ.व.को तुलनामा प्रगति | - | **१२.१५%** | **२१.९३%** |

**क.** प्रदेशको आन्तरिक आम्दानी गत वर्षको तुलनामा २१.९३ प्रतिशत अर्थात करिव एक अर्व भन्दा माथी वृद्धि भएको छ । लक्ष्यको तुलनामा प्राप्त भएको प्रगति उत्साहप्रद हुँदै गएको छ।

**ख.** प्रदेशको समग्र राजश्वको दर र दायरालाई फराकिलो पार्न तथा प्रदेशको आन्तरिक स्रोतलाई मजबुत बनाउने उद्देश्यका साथ आर्थिक मामिला तथा योजना मन्त्रीको अध्यक्षतामा बनाइएको कार्यदलवाट प्राप्त अध्ययन प्रतिवेदनलाई समेत आधार लिइ काम अघि बढाईएको छ ।

७. **<u>आन्तरिक आम्दानीमा प्रमुख हिस्सा रहेको मुख्य ३ (तीन) शीर्षक र प्रगति:</u>**

**क.** प्रदेशको कुल आन्तरिक आम्दानीको मुख्य हिस्साको रुपमा निम्न तीन बटा शिर्षक रहेको छ।कुल आन्तरिक आम्दानीमा **सवारी साधन कर** ३२.८८ प्रतिशत, **यातायात क्षेत्रको आम्दानी** १८.४३ प्रतिशत र **वन क्षेत्रको आम्दानी** ७.३२ प्रतिशत योगदान रहेको छ।

**ख.** बन क्षेत्रको आम्दानीमा उल्लेखनीय प्रगति भएको छ। गत वर्षको तुलनामा रु २४ करोड ५८ लाख बढी राजश्व अर्थात १४६.८८ प्रतिशतले बढोत्तरी भएको छ।यस क्षेत्रको योगदान गत वर्ष ३.६२ प्रतिशत रहेकोमा यो वर्ष ७.३२ प्रतिशत रहेको छ।

**८. <u>विगत ३ वर्षको खर्चको अवस्था</u>:-**

| आ.व. | जम्मा खर्च प्रतिशत | पुँजिगत खर्च प्रतिशत | चालु खर्च प्रतिशत | वित्तिय हस्तान्तरण प्रतिशत |
|---|---|---|---|---|
| २०७९/८० | ७०.९४ | ७२.४६ | ६२.९२ | ८५.३६ |
| २०८०/८१ | ६५.३१ | ६८.८७ | ५३.८३ | ८५.८० |
| २०८१/८२ | ७२.०९ | ७२.८५ | ६६.०७ | ८७.६६ |

**क.** नीतिगत तथा संरचनागत सुधार सहित जनशक्तिको क्षमता विकासले नै यो वर्ष अघिल्लो वर्षको तुलनामा विनियोजन बजेट खर्चमा उल्लेख्य (करिव ७ प्रतिशतले बढी) प्रगति हासिल भएको छ ।

**९. <u>कुल बजेटमा पुँजिगत र चालु तर्फ विनियोजन र यथार्थ खर्चको अवस्था</u>**

| आ.व. | विनियोजन अंश (प्रतिशत) | | यथार्थ खर्च अंश (प्रतिशत) | |
|---|---|---|---|---|
| | पुँजिगत | चालु | पुँजिगत | चालु |
| २०७९/८० | ५७.४१ | ३१.२६ | ५८.६४ | २७.७२ |
| २०८०/८१ | ५७.४५ | ३३.६८ | ६०.५९ | २७.७६ |
| २०८१/८२ | ६३.०९ | २८.८५ | ६३.७६ | २६.४४ |
| २०८२/८३ | ६०.३२ | ३०.८८ | | |

**क.** प्रदेशलाई आर्थिक रुपमा बलियो बनाउन राजश्वको दायरा वृद्धि गरिनुका साथै चालु खर्च कटौति गरिएको छ । प्रदेशको जम्मा विनियोजित बजेट र यथार्थ खर्च बजेटमा चालू बजेट भन्दा पुँजीगत बजेट बढी हुनु र न्यून चालु खर्चबाट अधिकतम पुँजीगत खर्च गर्न सक्नुले प्रदेश अर्थतन्त्रले उचित दिशा अवलम्वन गरेको प्रमाणित भएको छ।

**ख.** अघिल्लो आ.व. २०८०/८१ मा सृजना भई भुक्तानी गर्न नसकी बाँकी रहेको दायित्व रु २.५ अर्व बरावरको बजेट रकम यो वर्षको उपलब्ध स्रोत साधन र आम्दानीको समुचित परिचालनवाट भुक्तानि गर्न सफल हुनुले प्रदेश सरकारप्रतिको विश्वसनीयता बढेको छ।

१०. यो वर्षको बजेटमा समग्र खर्च तर्फ ७ वटा प्रदेशमा लुम्बिनी प्रदेश तेस्रो स्थानमा छ। गण्डकी, मधेश, सुदुरपश्चिम र कर्णाली प्रदेश भन्दा लुम्बिनी प्रदेश अगाडि रहेको छ ।

- कोशी प्रदेश- ७७ %
- वागमती प्रदेश - ७४.५ %
- लुम्बिनी प्रदेश - ७२.४३ %
- मधेश प्रदेश - ७१.४८ %
- सुदुरपश्चिम प्रदेश -७०.३३%
- गण्डकी प्रदेश - ६९.५४ %
- कर्णाली प्रदेश - ६४.०६ %

११. समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०८१ संशोधन सहित अन्य अर्थ र राजश्व सम्वन्धी कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ।

१२. <u>जनशक्ति व्यवस्थापन</u>

**क.** मौजुदा दरबन्दीलाई आधारमानी नवौं तहको जनशक्ति पहिलो पटक विज्ञापन गरी खुला तथा बढुवाको प्रक्रियावाट पदपूर्ति शुरुवात गरिएको ।

**ख.** यो वर्ष ६५५ जना कर्मचारी लोक सेवा आयोगबाट सिफारिश भई प्रदेश निजामती सेवा र स्थानीय सेवामा नियुक्त भएका छन्। हालसम्म २९२३ पदमा विज्ञापन भइ प्रदेश र स्थानीय तहहरुमा पदपूर्ति गरिएको छ।

**ग.** अवकास प्राप्त राष्ट्रसेवकहरूको ज्ञान, सीप र अनुभवको उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

१३. <u>समन्वय र सहकार्य</u>

**क.** अन्तर प्रदेशको विचमा महत्वपूर्ण समन्वयात्मक बैठकहरु सम्पन्न भएका छन् । सुदुरपश्चिम, कर्णाली र गण्डकी प्रदेशको विचमा सिमाना लगायत अन्तर सम्वन्धित विषय र दुई प्रदेशको विचमा विकास निर्माणको योजना अघि बढाउदा प्रभावकारी समन्वयलाई प्राथमिकतामा राख्ने समझदारी भएको छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न बल पुगेको महशुस गरिएको छ।

**ख.** सङ्घीय सरकारका विभिन्न कार्यालय तथा आयोजनाहरुबाट सञ्चालन हुने राष्ट्रिय महत्त्वका परियोजनाहरुमा प्रदेश सरकारबाट समन्वय भएकोले दाउन्ने सडक, जनताको तटबन्ध तथा निस्दी गाउँपालिकाको ढुंगागिट्टि बालुवाको वर्षौं देखिको जटिल समस्याको स्थानीय पालिका र आयोजना पक्षलाई प्रदेशको समन्वयमा छलफल गरी समाधान गरिएको छ।

१४. स्थानीय तहहरुको सहलगानीमा नवीनतम परियोजना सञ्चालन गर्न ११ वटा स्थानीय तह सँग सम्झौता गरी मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्पन्न भएको छ। नव प्रवर्तन

साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम थप ७ वटा पालिकासँग सम्झौता सम्पन्न भई यो वर्ष पनि काम भइरहेको छ। यसबाट १८ वटा पालिकामा रु १४ करोड ९ लाखको वित्तीय श्रोत हस्तान्तरण भएको छ।

१५. <u>विकास साझेदारहरु एवम् मित्रराष्ट्रका प्रतनिधिमण्डलहरुसँग उच्चस्तरीय भेटघाट</u>

माननीय मुख्यमन्त्री एवम् प्रदेश सरकारका विभिन्न पदाधिकारीको उपस्थितीमा विकास साझेदारहरुका प्रतिनिधिहरु एवम् विभिन्न मित्रराष्ट्रका राजदुतहरुसँग समय समयमा विभिन्न महत्वपुर्ण भेटघाट गरी प्रदेशको विकास, विदेशी लगानीको सम्भाव्यता, आपसी साझेदारी र सहयोग लगायतका विषयहरुमा छलफल भएका छन्। साथै विभिन्न  शिक्षा , स्वास्थ्य, शासकीय सुधार, भौतिक पूर्वाधारजस्ता क्षेत्रमा DFID, ADB, World Bank, चिनियाँ प्रतिनिधिहरु लगायतसँग छलफल भएको छ। साथै माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वको प्रतिनिधि मण्डलले गरेको मित्रराष्ट्र चीनको भ्रमण गरी सिचुआन प्रान्तसंग यस अघि भएको मितेरी सम्वन्धलाई थप सुदृढ बनाईएको छ। साथै उद्योग, पर्यटन तथा यातायात मन्त्री र प्रमुख सचिव सम्मिलित टोलीबाट थाइल्याण्डको बैङ्कक स्थित नेपाली दुतावासको आयोजनामा भएको कार्यक्रममा सहभागी भई लुम्बिनीका बारेमा प्रचार प्रसार र प्रदर्शनी भएको छ।

१६. <u>प्रदेश गौरबको आयोजना र योजनावद्ध विकास</u>

प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) स्वीकृत गरी आवधिक योजना मार्फत विकासका लक्ष्य एवम् प्राथमिकता यकिन गर्ने कार्य भएको छ। प्रदेश सरकारले प्रदेश गौरवका आयोजना कार्यान्वयनलाई उच्च प्राथमिकता दिएको छ। उल्लेखित गौरवका आयोजनाका साथै अन्य प्रदेश गौरवका आयोजना कार्यान्वयन गर्ने कार्य समेत प्राथमिकताका साथ अघि बढाएको छ।

१७. <u>प्रदेश राजधानी निर्माण तथा व्यवस्थापन</u>

लुम्बिनी प्रदेशले आफ्नै खर्चमा प्रदेश राजधानीमा आधुनिक भवन सहितको संरचना निर्माण गरिरहेको छ। यस आयोजनाको हाल सम्मको प्रगति निम्नानुसार छ।

- भौतिक प्रगति--८०% (आ.व. २०८०।८१ मा ४५% रहेकोमा यो वर्ष ३५% थप)
- वित्तीय प्रगति - ६७% (आ.व. २०८०।८१ मा ४२% रहेकोमा यो वर्ष २५% थप)
- प्रदेश राजधानी सहरको विकासका लागि गुरूयोजना बमोजिमको कार्यहरू गर्न लगानी कर्ताहरू विशेष गरी नेपाल सरकारको जमानीमा कर्मचारी संचय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषको पुँजी परिचालन गरी काम अघि बढाउने सम्बन्धमा विभिन्न चरणमा गृहकार्य भएको छ।
- राजधानीको विकासका लागि नयाँवस्ती क्षेत्रमा १५० (एक सय पचास) विघा क्षेत्रफलमा Land Pooling अवधारणामा आयोजना शुरू हुन गइरहेको छ। त्यसैगरी मलमला क्षेत्रमा

१५० विघा क्षेत्रफलमा आयोजना अघि बढाउन बहुवर्षीय ढाँचामा आयोजना स्वीकृतिको प्रकृयामा रहेको छ।

१८. <u>लुम्बिनी प्रादेशिक अस्पताल</u>

लुम्बिनी प्रदेशको उच्च घनावस्ती रहेको र सबैभन्दा बढी सेवाग्राही आउने बुटवलमा सुविधासम्पन्न १२ तले १२०० शैया रहने यो अस्पतालको भवन ६ अर्ब १८ करोड बढीको लागतमा २०८५ साल पुससम्ममा निर्माण सम्पन्न गर्नेगरी यस वर्ष शिलान्यास भई कार्यारम्भ भएकोमा भौतिक प्रगति एक वर्ष भित्रको अवधिमा २७ प्रतिशत हुनु उत्साहजनक रहेको छ। नेपालका समग्र सरकारी अस्पताल मध्ये उत्कृष्ठ भौतिक पुर्वाधार सहितको अत्याधुनिक सेवाहरु सुलभ मुल्यमा उपलब्ध गराउने लक्ष्य प्रदेश सरकारको रहेको छ। साथै बुटवल भैरहवा क्षेत्रलाई समग्र आर्थिक हवको रुपमा विकास गर्ने लक्ष्यलाई समेत यो परियोजनाले टेवा पुऱ्याउने नै छ।

१९. <u>लुम्बिनी प्राविधिक विश्वविद्यालय</u>

लुम्बिनीलाई प्राविधिक शिक्षाको क्षेत्रमा अब्बल रुपमा विकास गर्ने उद्देश्यले लुम्बिनी प्रविधिक विश्वविद्यालय स्थापना गरी संचालनमा ल्याएको छ। विश्विद्यालयको वर्तमान अवस्था निम्नानुसार रहेको छ।

- ❖ अघिल्लो वर्ष विद्यार्थी भर्ना- ३३ जना
- ❖ यो वर्ष विद्यार्थी भर्ना र अध्ययनरत संख्या- २१० जना
- ❖ पढाइहुने मुख्य विषय - वी.टेक ( IT, CSAI, CIVIL), M.TEC CSIT समेत

२०. <u>रामपुर कपुरकोट सडक</u>

यो <u>**सडक**</u> को लम्बाई जम्मा ३९० कि.मि. मध्ये हालसम्म कुल ४५ कि.मि. सडकको कालोपत्रे सम्पन्न, ३.८ कि.मि. ग्राभेल सडक सम्पन्न भएको र २१.१५ कि.मि. सडक कालोपत्रे गर्ने तयारीमा रहेको छ।

२१. <u>शासन ब्यवस्थाको निर्देशन, नियन्त्रण र संचालनः-</u>

प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, मन्त्रिपरिषद्का निर्णयहरु कार्यान्वयन गर्ने तथा अनुगमन गर्ने कार्यलाई प्राथमिकता दिईएको छ।प्रदेश सरकारको कार्य विभाजन नियमावली एवम् कार्यसम्पादन नियमावली बमोजिम मन्त्रिपरिषद् तथा मन्त्रालयका कार्यहरु संचालन एवम् निर्देशित छन्।एक वर्षमा प्रदेश सरकार (मन्त्रिपरिषद्का) २६ वटा बैठकहरु सम्पन्न भइ १११ वटा निर्णयहरु भएकाछन्। प्रदेशको काम, कारवाही र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा विभिन्न समस्यालाई समाधान गर्न प्रत्येक महिना नियमित रुपमा सचिव बैठक बस्ने प्रचलन स्थापित भएको छ।

२२. **<u>शिक्षा तथा सामाजिक विकास-</u>** यस क्षेत्रका मुख्य कार्य र उपलब्धीहरु निम्नानुसार छन :-

**क.** मेरो विद्यालय मेरो दायित्व अभियानलाई १२ वटै जिल्लामा आरम्भ गरिएको छ,

**ख.** २० वटा सामुदायिक विद्यालयमा विद्यालय स्वास्थ्यकर्मीको व्यवस्था गरिएको,

**ग.** लक्षित समूहका ६४९० बालबालिकाहरूलाई विभिन्न प्रकारको छात्रवृत्ति (सिमान्तकृत दलित मुक्त कमैया कम्लहरी अपाङ्ग कक्षा ११ र १२ तथा उच्च शिक्षामा विज्ञान पढ्ने विद्यार्थीलाई) प्रदान गरिएको छ।

**घ.** १५२२ जना शिक्षक र २४६ विद्यालय कर्मचारी गरी जम्मा १७६८ जना शिक्षक कर्मचारीलाई तालिम दिइएको। जसबाट पेशागत दक्षतामा अभिवृद्धि भएको छ।

**ङ.** १७१० जनालाई व्यावसायीक तथा सीपमुलक तालिम प्रदान गरिएको छ।

**च.** लैङ्गिक समानता नीति, २०८० कार्यान्वयनमा ल्याउनुका साथै महिला परिषद् गठन आदेश निर्माणको अन्तिम चरणमा रहेको छ।

२३. **SEE नतिजामा सुधार** :- यो वर्षको एसइईको नतिजा गत वर्षको तुलनामा २३.६७ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष ३८.६५ प्रतिशत रहेकोमा यो वर्ष ६२.३२ प्रतिशत विद्यार्थी उतिर्ण भएका छन।

२४. **<u>शिक्षाको पूर्वाधार सम्वन्धी मुख्य उपलब्धीहरु निम्नानुसार रहेको छः-</u>**

| सि.न. | मुख्य उपलब्धीहरु | गत वर्ष (२०८०/८१) | यो वर्ष (२०८१/८२) | २०७५ देखि हाल सम्म |
|---|---|---|---|---|
| १ | नयाँ कक्षा कोठा निर्माण | ३१२ | **३९०** | १२८२ |
| २ | विद्यालयमा शौचालय निर्माण | ११ | **५०** | १४८ |
| ३ | ICT ल्याव निर्माण | २ | **१२** | ३१ |
| ४ | विज्ञान प्रयोगशाला निर्माण | ४ | **११** | १५ |

**२५.** प्राविधिक शिक्षालाई बढावा दिन २७६ शैक्षिक संस्थाबाट प्रत्यक्षरुपमा ६१२५ जना विद्यार्थीहरु लाई प्राविधिक तालिम (TEVT) मा सहभागिता गराइएको छ।

२६. **<u>स्वास्थ्य क्षेत्रको सेवा प्रवाह र प्रगति :-</u>** यस क्षेत्रका मुख्य कार्य र उपलब्धीहरु निम्नानुसार छन :-

**क.** ३ हजार ८ सय ५१ जना जटिल रोग लागेका विरामीलाई आर्थिक सहायता उपलब्ध गराइएको,

**ख.** ३९ हजार १ सय ७५जना जेष्ठ नागरिकलाई (८० वर्ष माथी) घरमै गएर स्वास्थ्य सेवा प्रदान गरिएको,

**ग.** ५२ हजार ४ सय ६५ जना सामुदायिक विद्यालयका किशोरीहरुको रक्त परीक्षण बाट ४१% किशोरीमा रक्तअल्पता देखिएको र आइरन तथा फोलिक एसिड कार्यक्रमलाई पुनर्जागरण गरी आवश्यक औषधी उपचार गरिएको,

**घ.** ७५ हजार ६ सय ३५ जना बालबालिकालाई पूर्ण खोप उपलब्ध गराइएको,

**ङ.** ६९ हजार २ सय ४३ जना गर्भवती महिलालाई संस्थागत प्रसूति सेवा उपलब्ध गराइएको,

**च.** २६ वटा स्थानीय तहलाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह घोषणा तथा निरन्तरता दिइएको,

**२७.** प्रदेश सरकारले अस्पताल तथा स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधार निर्माणमा महत्व दिदै यस वर्ष निम्नानुसार उपलब्धीहरु हासिल भएको छ।

❖ भीम अस्पताल भैरहवा, पृथ्वीचन्द्र अस्पताल परासी, रुकुम पुर्व अस्पताल, आयुर्वेद अस्पताल कपिलवस्तु, प्रहरी अस्पताल नेपालगंज, अर्घाखाँची अस्पताल परिसरमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको आवास भवन, लुम्बिनी आयुर्वेद चिकित्सालय भवन गरी **७ वटा भवन** निर्माण भएको,

❖ प्रादेशिक सरुवा रोग अस्पताल शिवराज कपिलवस्तु, क्षयरोग उपचारकेन्द्र बाँके, प्रादेशिक आयुर्वेद चिकित्सालयको फार्मेसी भवन, राप्ती प्रादेशिक अस्पतालको तला थप, प्युठान अस्पताल र स्वास्थ्य कार्यालय, बाँके आयुर्वेद स्वास्थ्य केन्द्र गरी **७ वटा भवनको** निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको छ।

**२८.** प्रदेश राजधानीमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन ५० शैयाको अस्पतालको संरचना स्वीकृत गरी प्रादेशिक भालुवाङ अस्पताल सञ्चालनमा ल्याइएको,

**२९.** राप्ती प्रादेशिक अस्पतालमा बेड संख्या थप गरि २०० शैयाको बनाउन र थप विशेषज्ञ सेवा सहित संचालन गर्न आवश्यक प्रकृया अन्तिम चरणमा पुर्याइएको,

**३०.** जटिल रोग (क्यान्सर, मुटुको भल्भ फेर्न र मृगौला प्रत्यारोपण) जस्ता विरामीलाई जिल्ला वाट नै विशेष आर्थिक सुविधाको सिफारिश गर्ने व्यवस्था गरिएको,

**३१.** लुम्बिनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना, २०८१-२०८६ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको,

**३२.** ८ जिल्लामा मृगौला डाइलाईसिस सेवा सुरुवात गरिएको। थप २ जिल्ला कपिलवस्तु र अर्घाखाँचीमा चालु आ.व. मा सञ्चालन गर्ने पूर्ण तयारी भएको,

**३३.** त्रिवर्षीय "महिला बालाबालिका तथा किशोरीहरुको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम सञ्चालन कार्यबिधि, २०८१" तयार गरिएको,

३४. रक्त परीक्षण, एक्स-रे तथा भिडियो एक्स-रे जस्ता सेवाको शुल्कमा सबै प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थामा एकरुपता कायम गरिएको,

३५. नर्सिङ कर्मचारीलाई ग्रामीण अल्ट्रासाउण्ड तालिम प्रदान गरी १६ थान मेसिन समेत वितरण (ग्रामिण क्षेत्रका गर्भवती महिलाहरुको जटिलता पत्ता लाग्ने) गरिएको,

३६. पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१ ले निर्दिष्ट गरे अनुसार लुम्बिनी प्रदेशलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको,

३७. १३ वटा स्थानीय तहमा रोभिङ्ग नर्स नियुक्त (घर घर मै गई पोषण, मानसिक स्वास्थ्य लगायतका स्वास्थ्य सम्वन्धी सेवा तथा परामर्श उपलब्ध गराइएको),

३८. Family Health Profile तिन जिल्लामा शुरुवात गरिएको,

३९. स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरुमा रहेका सरकारी सवारी साधनहरुमा GPS जडान गरी सवारी साधनको Tracking गर्न सुरुवात गरिएको।

४०. <u>**वन तथा वातावरण संरक्षण तथा विकास तर्फको सेवा प्रवाह र उपलब्धी**</u>

लुम्बिनी प्रदेशमा करिव ४३.७२ प्रतिशत भू-भाग बन क्षेत्र रहेको छ। वनलाई प्रदेशको रोजगारी र आर्थिक समृद्धिको माध्यम बनाउने गरी प्रदेश सरकारले वन व्यवस्थापन कार्य अघि वढाएको छ। यो वर्ष वन क्षेत्रको उपलब्धी निम्नानुसार रहेको छ।

**क.** वन सम्बर्द्धन प्रणालीमा आधारित व्यवस्थापनको कार्य- १,२१,४८५ हेक्टरमा,

**ख.** वन्यजन्तुको आक्रमणबाट पुऱ्याएको क्षतिको राहत स्वरुप रु १ करोड १६ लाख ३७ हजार ८ सय ५२ वितरण गरिएको छ,

**ग.** फायरलाईन निर्माण - १०८ कि.मी.

**घ.** मौसमी हेरालु नियुक्त - ४०२ जना

**ङ.** बन डढेलो सञ्जाल निर्माण - १३९ वटा

**च.** वन क्षेत्रको रोयल्टी गत वर्षको तुलनामा १४६.८८ प्रतिशतले वृद्धि।

४१. वन्यजन्तुबाट क्षतिग्रस्त बर्दिया जिल्लाको मधुवन न.पा वडा नं. १,२,३ का ६७५६ घरधुरीको रु २ लाख प्रति व्यक्तिका दरले सामूहिक जीवन बीमा गरिएको छ।

४२. **बन क्षेत्र सम्वन्धी उपलब्धिको तुलनात्मक अवस्था**

| सि.नं. | विवरण | ईकाई | गत आ.व. २०८०/०८१ | यो आ.व. २०८१/०८२ |
|---|---|---|---|---|
| १ | वन क्षेत्रमा वृक्षारोपण | हेक्टर | ४४८ हेक्टर | ४५० हेक्टर |
| २ | विरुवा उत्पादन | गोटा | ३४,८१,४३० वटा | ३५,३५,७८० वटा |

४३. <u>कृषि, भूमि व्यवस्था तथा सहकारी तर्फः सेवा प्रवाह र उपलब्धी</u>

कृषिलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिएको छ।यो एक वर्षमा कृषि क्षेत्रमा भएको उपलब्धी यस प्रकार रहेको छ।

**क.** साना सिंचाइ आयोजना सम्पन्न - ९७२ वटा (८३८.१४ हेक्टर थप सिंचित)

**ख.** बाली सघनता वृद्धि कार्यक्रम - २२१.६५ हेक्टर (तेस्रो वाली प्रोत्साहन जस्तै चैते धान, वसन्ते मकै आदि)

**ग.** बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन कार्यक्रम- ७५४ हेक्टरमा बीउ, विषादी, सुक्ष्मतत्व, सिँचाइ सम्बन्धी आधुनिक प्रविधि वितरण एवम विस्तार जसबाट उत्पादकत्वमा करिब १० प्रतिशत वृद्धि

**घ.** बीउबाली खेत निरीक्षण ५६१४ हेक्टर, नमूना परीक्षण २०६० तथा बीउ प्रमाणीकरण ८८६ मेट्रिक टन

**ङ.** सुलभकर्जा सहजीकरण तथा व्याजमा अनुदान ७१ वटा आयोजनालाई दिइएको

**च.** पशुवस्तुहरुमा कृत्रिम गर्भाधान - ८५०७२ वटा पशुमा गरिएको,

**छ.** संक्रामक रोगहरु विरुद्धको खोप सेवा -१९,५६,८५० वटा पशुमा दिइएको,

**ज.** स्थानीय जातका कुखुरा संरक्षण र प्रबर्द्धन अन्तर्गत १ लाख ७७ हजार ५ सय गुणस्तरीय चल्ला र २ लाख ६१ हजार ३ सय २५ वटा अण्डा उत्पादन तथा विक्री (जस बाट १ करोड २६ लाख भन्दा वढी राजश्व आम्दानी र ३ हजार कृषक लाभान्वित भएको)

**झ.** २ करोड ७२ लाख ३७ हजार ५२४ गोटा माछाको भुरा उत्पादन र विक्री वितरण

४४. कपिलबस्तुको कृष्णनगर नगरपालिका बहादुरगंजमा ९ विघा पर्ति जग्गामा सरकारी बागबानी श्रोत केन्द्र स्थापनाको लागि जग्गा प्राप्ति गरिएको। श्रोत केन्द्र निर्माणको प्रकृया अघि वढाइएको।

४५. ८४८ सहकारी संस्थाहरु मध्ये २२६ वटा सहकारीहरुको PEARLS तथा MCI विधिबाट कार्यसम्पादन मूल्याङ्कन भएको। (५% अति उत्तम, १७ % उत्तम, ४० % मध्यम, ३१ % साधारण र ७ % जोखिममा रहेको भनि पहिचान गरिएको)

४६. <u>उद्योग, पर्यटन तथा यातायात तर्फः मुख्य उपलब्धीहरु निम्नानुसार छन</u>

**क.** उद्योग ३८४९ वटा र वाणिज्य फर्म ३९४० वटा गरी जम्मा ७७८९ वटा दर्ता भएको,

**ख.** व्यावसायिक तथा सीपमुलक तालिम जम्मा १०५ वटा संचालन गरी २ हजार १ सय ८९ जना लाई आत्मनिर्भर र स्वरोजगारको लागि तत्पर बनाइएको छ,

**ग.** गत वर्षका ४६५ जना र यो वर्षका १९७ जना गरी ६६२ जनालाई प्राविधिक तथा व्यावसायिक तालिम परिषद्बाट सीप परीक्षण गराइ प्रमाण पत्र प्रदान गरिएको,

**घ.** ८७१६ जना विद्यार्थीलाई उपभोक्ता सचेतना कार्यक्रममा सरिक गराइएको,

ङ. ३५२८ जना विद्यार्थी तथा नागरिकलाई ट्राफिक नियम तथा दूर्घटना न्यूनीकरण सचेतना प्रदान गरिएको,

४७. ऐतिहासिक पाणिनी सम्मेलन, "घुम्न जाउँ बर्दिया" कार्यक्रम र शालग्राम महोत्सव सम्पन्न गरी लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार एवम् नेपाली संस्कृतिको प्रवर्द्धनमा टेवा पुगेको,

४८. पर्यटकीय पूर्वाधारहरू एवम् धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक स्थलहरूको संरक्षण, पुनः निर्माण, पदमार्ग तथा पहुँचमार्गको निर्माण समेत ५४१ वटा आयोजनाहरु यस अवधिमा सम्पन्न भएको,

४९. लुम्बिनी बौद्ध आर्थिक शिखर सम्मेलन र दाङ्गमा थारू सांस्कृतिक सम्मेलन तथा महोत्सव सम्पन्न भएको छ,

५०. रुकुमपुर्वलाई हिमालय पर्यटकीय हवको घोषणा गरिएको,

५१. यातायात सेवा विस्तारको लागि कोहलपुरमा शाखा कार्यालय स्थापना गरिएको।

५२. **युवा तथा खेलकुद मन्त्रालय तर्फः मुख्य उपलब्धी निम्नानुसार रहेका छन:-**

क. रुपन्देहीको बुटवल उपमहानगरपालिकामा रहेको उजिरसिंह रंगशाला निर्माण प्रकृया अगाडी बढेको छ।

ख. प्रदेशस्तरीय १४ वटा खेलकुद प्रतियोगिताहरु सञ्चालन भएका,

ग. राष्ट्रिय खेलकुद (१० कि.मी. रोड रेश) प्रतियोगिता १ वटा भएको,

घ. प्रशिक्षक प्रशिक्षण ७५ जनालाई ( ५ दिन) दिईएको,

ङ. प्रदेश स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गरिएको,

- खेलाडी सहभागी १२०० जना
- रेफ्री तथा अफिसियल सहभागी २०० जना

च. लुम्बिनीबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा १७ वटा इभेन्ट मा सहभागी गराइएको,

छ. अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापक सहित १७ जनालाई सम्मान गरिएको,

ज. केन्द्रिय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा ११५ जना खेलाडी, प्रशिक्षक र व्यवस्थापकको सहभागिता रहेको,

झ. नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापक समेत गरी १४८ जना लाई सम्मान गरिएको,

ञ. केन्द्रिय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा गत वर्ष पाँचौ स्थानमा लुम्बिनी प्रदेश रहेकोमा यस वर्षको प्रतियोगितामा तृतीय स्थान प्राप्त भएको छ।

५३. **<u>सूचना सञ्चार प्रविधि तर्फ</u>**ः सूचना प्रविधिको विकास, प्रयोग र यस मार्फत सेवा प्रवाह गर्ने विषयलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिएको छ। यस क्षेत्रमा भएका उपलब्धीहरु निम्नानुसार रहेका छन्।

**क.** केन्द्रिकृत वेबसाइट फ्रेमवर्क बनाइ यस मार्फत १३० वटा वेबसाइटहरु निर्माण तथा सञ्चालन गरिएको,

**ख.** प्रदेशको आफ्नै क्लाउड सेवा र डिजास्टर रिकभरी सेवा मार्फत सम्पूर्ण सूचना प्रणालीहरु सञ्चालन गरिएको,

**ग.** प्रदेशका सबै सूचना प्रणालीहरुको सुरक्षण परीक्षण र फायरवाल सेवा मार्फत सुरक्षा प्रदान गर्ने व्यवस्था मिलाईएको,

**घ.** “मुख्यमन्त्री ड्यासबोर्ड” सफ्टवेयर प्रणाली निर्माण गरिएको, प्रदेशका किसानहरुको मोवाईल एप “किसान एप” मार्फत प्रमुख हाट बजारहरुको दैनिक मूल्यसूची प्राप्त गर्न सक्ने गरी व्यवस्था मिलाईएको,

**ङ.** कल्याणकारी विज्ञापन अन्तर्गत १६ टेलिभिजन, ८६ वटा रेडियो/एफ.एम., ५३ वटा छापा माध्यम र १०३ वटा अनलाईन सुचिकृत भएको,

**च.** १ हजार १ सय ६९ जना पत्रकारहरुको प्रति व्याक्ति रु ४ लाख ५६ हजार २ सय विमाङ्क रकमको दुर्घटना बिमा गरिएको,

**छ.** पत्रकारिता अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको,

**ज.** संचार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईएको।

५४. **<u>शान्ति सुरक्षा तर्फः</u>** यस क्षेत्रमा भएका प्रमुख उपलब्धी देहाया बमोजिम रहेका छन।

**क.** पूर्व पश्चिम राजमार्गको २ स्थानमा **Automatic Number Plate Recognition**- ANPR (स्वचालित सवारी नम्वर पहिचान गर्ने) प्रणाली जडान गरिएको,

**ख.** ट्राफिक प्रहरीलाई प्रविधिमैत्री वनाउन ड्रोन क्यामरा, Walk through gate प्रदान गरिएको,

**ग.** सुरक्षा निकायको नयाँ भवन निर्माण र मर्मतका लागि रु. ८ करोड २५ लाख उपलब्ध गराएको। यस वाट जम्मा २५ वटा विभिन्न प्रहरी कार्यालयहरुको पुर्वाधार निर्माण सम्पन्न भएको छ ।

**घ.** लागू औषध नियन्त्रणमा जिल्ला प्रशासन कार्यालय (प्रमुख जिल्ला अधिकारी) र प्रहरीसँग प्रभावकारी समन्वय गरिएको,

५५. **विपद व्वस्थापनको तर्फ**:- यस क्षेत्रमा भएका प्रमुख उपलब्धी देहाया बमोजिम रहेका छन।

**क.** विपद् व्यवस्थापनको लागि नेपाली सेना, नेपाल प्रहरी, सशष्त्र प्रहरी बल र अन्य सरोकारवाला समेतको सहभागितामा कृत्रिम अभ्यास संचालन गरि पुर्व तयारी गरिएको, १० जना सशष्त्र प्रहरी लाई गोताखोर तालिम प्रदान गरिएको,

ख. प्रदेश राजधानी क्षेत्रमा प्रयोग गर्ने गरी १ वटा र रुपन्देही मर्चवारी क्षेत्रमा प्रयोग गर्ने गरी १ वटा गरी २ वटा दमकल खरिद गरी Stand By राखिएको,

ग. प्रदेश विपद् व्यवस्थापन परिषद्को निर्णय बमोजिम पाल्पा र बाँकेमा विपद् तयारीको लागि रकम रु ७४ लाख ८३ हजार उपलब्ध गराइएको,

५६. **द्वन्द्व पिडितलाइ राहत तथा सहयोग:-** द्वन्द्वको क्रममा घाईते तथा अपाङ्ग भएका द्वन्द्व पिडित व्याक्तिहरुलाई निशुल्क उपचार लगायतका सहयोग उपलब्ध गराइएको छ। यस बर्ष ३० जना भन्दा बढी द्वन्द्व पिडितलाइ विभिन्न अस्पतालमा निशुल्क उपचारको व्यवस्था मिलाइएको छ।द्वन्द्व पिडितहरुको सहज जिविकोपार्जनको लागि विभिन्न सीपमूलक तथा व्यवसायीक तालिम उपलब्ध गराइएको छ।

५७. **ग्रामीण तथा शहरी विकास तर्फ**

यस क्षेत्रका मुख्य उपलब्धीहरु निम्नानुसार रहेका छन:-

| सि.न. | विवरण | उपलब्धी |
|---|---|---|
| १ | पक्की ढल निर्माण | ६८.२२ कि.मी. |
| २ | पिच सडक निर्माण | ३७.६७ कि.मी. |
| ३ | ढलान (पि.सी.सी.) सडक | १५.६७ कि.मी. |
| ४ | ग्रावेल सडक | ३९.१७ कि.मी. |
| ५ | फुटपाथ निर्माण | ११.१३ कि.मी. |
| ६ | सरकारी कार्यालय निर्माण तथा मर्मत | ४३ वटा |
| ७ | जनता आवासघर निर्माण | २१ वटा |
| ८ | रिटेनिङ्ग वाल निर्माण | ३१६२ कि.मी. |
| ९ | सामुदायिक भवन | ९ वटा |

५८. प्रदेश सभा परिसरमा संसदीय दलको कार्यालय लगायतका भवनको स्ट्रक्चरको कार्य सम्पन्न हुने चरणमा रहेको छ।

५९. **खानेपानी तथा सरसफाई तर्फ**

जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिइको छ। यस क्षेत्रका मुख्य उपलब्धीहरु निम्नानुसार रहेका छनः-

| सि.नं. | विवरण | आ.व. २०८१/८२ | |
|---|---|---|---|
| | | आयोजना संख्या | लाभान्वित घरधुरी संख्या |
| १ | सम्पन्न खानेपानी आयोजना | १३६ | १८८७० |
| २ | खानेपानी आयोजनामा पानी सञ्चालन भएको | ४५ | ६०६४ |
| ३ | खानेपानी गुणस्तर सुधारको आयोजना सम्पन्न भएको | ६ | ९५७३ |
| ४ | खानेपानी परीक्षण प्रयोगशालाबाट पानी परीक्षण भएको | ६२० वटा | |

६०. **खानेपानी सम्वन्धी मुख्य सूचकहरु**

| सि.नं. | विवरण (प्रतिशतमा) | २०७५ मा | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|
| १ | आधारभूतस्तरको खानेपानी पुगेको जनसंख्या | ७४% | ८२% | ८६% |
| २ | मध्यस्तरको खानेपानी पुगेको जनसंख्या | | ५% | ७% |

६१. प्रदेश स्थापना देखि हालसम्म ६ सय ६६ वटा खानेपानी आयोजना सम्पन्न भई १ लाख ८२ हजार ८ सय ७० घरधुरीमा खानेपानी सेवा थप उपलब्ध भएको छ।

६२. आ. व. २०८१।८२मा लुम्बिनी प्रदेश सरकारको निर्णय अनुसार १२ वटै जिल्लामा खानेपानीका कार्यालय स्थापना भई सेवा प्रदान भइरहेको।

६३. **भौतिक पूर्वाधार विकास तर्फः** यस क्षेत्रमा गत एक वर्षमा प्रदेश सरकारले उल्लेखनीय प्रगति गरेको छ। मुख्य उपलब्धीहरु निम्नानुसार छन।

क. जम्मा आयोजना संख्या २१७२ मा १७७० वटा पूर्ण सम्पन्न र २२८ वटा कार्यान्वयनको चरणमा रहेको।

**ख. क्षेत्रगत उपलब्धीहरु**

| सि.नं. | विवरण | एक वर्षको उपलब्धि |
|---|---|---|
| १ | कालोपत्रे सडक निर्माण | १६४.७७ कि.मि. |
| २ | ढलान सडक | ३३.८८ कि.मि. |
| ३ | कालोपत्रेको लागि तयार सडक | २२.७३ कि.मि. |
| ४ | ग्राबेल सडक | १६६.८९ कि.मि. |
| ५ | कच्ची नयाँ Track निर्माण | १२२.९३ कि.मि. |
| ६ | पक्कि सडक पुल | ३५ वटा |
| ७ | कल्भर्ट कजवे निर्माण | ३६६ वटा |
| ८ | झोलुङ्गे पुल निर्माण | ११ वटा |

६४. उल्लेखित पुर्वाधार निर्माण तथा विकासको कार्यबाट १६ हजार बढीले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाएका र ३० लाख भन्दा बढी जनसंख्या प्रत्यक्ष लाभग्राही भएका छन्।

६५. प्रदेश सडक सञ्जाल गुरुयोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट निम्न सडकहरु सुचिकृत भएका छन।

- प्रदेश लोकमार्ग अन्तर्गत ११३९.४६ कि.मी. का १५ वटा सडक
- प्रादेशिक सडक अन्तर्गत ९४७०.२५ कि.मि. का ५८२ वटा सडक
- जम्मा ५९७ वटा सडक र १०६०९.७१ कि.मी. सडक सुचिकृत

६६. ११ वटा झोलुङ्गे पूलको निर्माण कार्य सम्पन्न भएका छन। यस बाट दुर्गम र पिछडिएको क्षेत्रका करिव ४० हजार जना लाभान्वित भएका छन। प्रादेशिक प्राविधिक सहयोग अन्तरगत थप ३८ वटा झोलुङ्गे पुलहरु स्थानीयतहबाट निर्माण भई संचालनमा आएका छन।जसबाट थप १२ हजार ५ सय जना लाभान्वित भएका छन्।

६७. पुरुष २९३ र महिला ३६६ गरी कुल ६५९ जनाले सडक मर्मतको सिलसिलामा रोजगारी पाएका छन। यसबाट नियमित सडक मर्मत र प्रत्यक्ष रोजगारी सिर्जना भएको छ।

६८. <u>ऊर्जा, जलस्रोत तथा सिँचाइ तर्फ यो वर्षका मुख्य उपलब्धीहरु:</u>

**क.** सम्पन्न मुख्य सतह सिँचाइ आयोजना - ४२ वटा,

**ख.** कृषि योग्य जमिनमा सिँचाइ सुविधा विस्तार - थप ७२८ हेक्टर,

**ग.** सिँचाइ प्रणाली सुदृढिकरण मार्फत सिँचाइ सुविधा स्तरोन्नती -२६३४ हेक्टर,

**घ.** नयाँ डिप ट्यूबवेल जडान- ३१ वटा,

**ङ.** तटबन्ध निर्माण -११ कि.मि. (नदीजन्य प्रकोप नियन्त्रण कार्य भएको),

६९. **प्रदेश स्थापना २०७५ देखि हाल सम्म** सिँचाई तथा उर्जा सम्वन्धी महत्वपुर्ण उपलब्धीहरु निम्न बमोजिम रहेका छन।

**क.** ४३७ वटा मुख्य सतह सिँचाइ आयोजनाहरू सम्पन्न भएका,

**ख.** थप २१५१० हेक्टर कृषि योग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको,

**ग.** सिँचाइ प्रणाली सुदृढिकरण मार्फत ७५७६५ हेक्टर कृषि योग्य जमिनमा सिँचाइ सुविधा स्तरोन्नति गराएको,

**घ.** २५६ वटा नँया डिप ट्यूववेल निर्माण भएको,

**ङ.** १९४ कि.मि. तटबन्ध निर्माण गरी नदीजन्य प्रकोप नियन्त्रण कार्य गरिएको,

**च.** ७२६० थान काठको पोल विस्थापन गरिएको,

**७०.** प्रदेशको कुल सिंचाइयोग्य जमिन ६,५५,००० हेक्टर मध्ये आ.व. २०७५/७६ मा ३४००७१ हे. (५०.९२%) जमिनमा सिँचाइ सुविधा उपलब्ध रहेकोमा आ.व. २०८१/८२ अन्त्यसम्ममा कुल ३,६१,५८१ हे. (५५.२०%) मा सिँचाइ सुविधा पुगेको छ।

**७१.** आ.व. २०७५/७६ मा कुल सिँचित भूमीको करिब ३१% मा बाह्रैमहिना सिँचाइ सुविधा उपलब्ध रहेकोमा आ.व. २०८१/८२ को अन्त्यसम्ममा करिब ३५% सिँचाइ योग्य भूमीमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध रहेको छ।

**७२.** आ.व. २०७९/८० मा विधुतको पँहुच पुगेको जनसंख्या ९५ प्रतिशत रहेकोमा आ.व. २०८१/८२ सम्ममा ९८.५ प्रतिशत पुगेको छ। विद्युतको पहुँच नपुगेका ५३० थप घरधुरीमा सौर्य ऊर्जाका कार्यक्रम मार्फत विद्युत सुविधा उपलब्ध गराइएको साथै विभिन्न सार्वजनिक संस्थामा कुल ७२ थान सोलार ब्याकअप सिस्टम तथा नेट मिटरिंग सिस्टम जडान गरिएको ।

**७३.** <u>नेपालको ताजमहल भनि परिचित रानीमहललाई</u> नयाँ ढंगबाट सौन्दर्यीकरण गरी इलुमिनेट (Illuminate) गर्ने कार्य सम्पन्न भएको छ। यसबाट रानीमहलमा रात्रीकालिन पर्यटकीय गतिविधिमा बढोत्तरी भएको छ।

**७४. <u>प्रदेशको आवश्यकता र औचित्य पुष्टि गर्ने आधारहरुः</u>**

**क.** मध्यमस्तरका आयोजनाको विकासको केन्द्र प्रदेश सरकार बन्दै गएको छ। संघीय सरकार नीति निर्माण र स्थानीय तह सेवा प्रवाह तथा स्थानीयस्तरका साना पूर्वाधारमा केन्द्रित भएकोले मझौला खालका विकास आयोजना तथा कार्यक्रम संचालन गर्ने प्रदेश सरकार मात्र रहेको छ।

**ख.** सङ्घीयताको मर्म नागरिकको नजिकमा सरकार पुऱ्याउने एवम् नागरिकका आवश्यकता र विकासका आकाङ्क्षा नजिकको तह वा सरकारबाट पुरा गर्नु नै हो। यसका लागि प्रदेश सरकारले गरेका प्रयासहरुबाट सकारात्मक परिणाम प्राप्त हुँदै गएको छ,

**ग.** कानून निर्माण Fast Track मा हुने र प्रदेशको विशेषता बमोजिम प्रदेशको क्षेत्राधिकार भित्र लागु हुने गरी विशेष कानूनहरुको तर्जुमा भएका छन,

**घ.** नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक सेवा प्रवाहमा प्रदेशको अहम भूमिका रहेको छ,

**ङ.** स्थानीय तहहरुका लागि प्रदेश सरकार सहयोगी बन्दै गएको तथा सङ्घ र स्थानीय तहका बीचमा प्रदेश सरकार पुलको रुपमा समन्वयात्मक भूमिकामा रहेको छ।

**७५. <u>प्रदेश सरकारले भोग्नु परेका केही सवालहरुः</u>**

**क.** सङ्घीय सरकारबाट सडक, खानेपानी लगायतका विभिन्न पूर्वाधारजन्य आयोजनाहरु प्रदेशलाई हस्तान्तरण भयो तर साधन स्रोतको हस्तान्तरण नभएको कारणबाट आयोजनाहरु अधुरा रहेका छन्,

**ख.** साझा अधिकारको सूची बमोजिमका कार्यहरु प्रदेशबाट सम्पादन गर्न सङ्घीय कानूनको निर्माण मार्गदर्शक हुने तर त्यस अनुरुप कानुन निर्माण हुन सकेको छैन्,

**ग.** सङ्घीय सरकारसँग लागत सहभागितामा संचालन भएका समपुरक आयोजनाहरुको दायित्व समेत चुनौतीको विषय बन्न गएको छ,

**घ.** स्थानीय तहहरुबाट रोयल्टी र राजश्वको बाँडफाँटबाट प्रदेश सरकारलाई प्राप्त हुनु पर्ने राजश्व लक्ष्य अनुरुप प्राप्त हुन सकेको छैन,

**ङ.** सङ्घीय अर्थतन्त्रमा परेको चापका कारण प्रदेशले प्राप्त गर्ने अनुदानमा कटौति हुँदै गएको छ,

**च.** ठूला एवम् प्रदेश गौरवका पूर्वाधारलाई सम्पन्न गर्ने कार्य र स्रोतको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ,

**छ.** विगतका प्रदेश सरकारको पालामा सृजना भएको दायित्व व्यवस्थापन गर्दै जानुपर्ने बाध्यात्मक अवस्था रहेको छ। यद्यपि यस्तो दायित्व न्यूनीकरण गर्दै लगिएको छ,

ज. प्रदेश सरकारका विशेष गरी प्रशासनिक निर्णयहरु तथा कार्यकारी निर्णयहरु उपर अदालतमा मुद्दा पर्ने र समयमै फछ्र्यौट नहुने कारणले पनि ती क्षेत्रमा प्रदेश सरकारले अपेक्षित नतिजा हासिल गर्न सकेको छैन।

७६. <u>आगामी कार्यदिशाः</u>

प्रदेश सरकारका केही चुनौती र कतिपय क्षेत्रमा केही समस्या रहेका छन। संघीयता कार्यान्वयनको लामो अवधि भइ नसकेको, नागरिकको अपेक्षा बढिरहेको तर श्रोत साधन तथा जनशक्ति न्यून रहेको एक प्रकारको विरोधाभासपूर्ण अवस्थाबाट गुज्रनु परेको अवस्थाका बावजुद प्रदेश सरकारले आफ्ना प्रयासहरु अघि वढाएको छ। आगामी दिनमा निम्न विषयमा प्राथमिकतामा राखी अगाडि बढ्नुपर्ने देखिन्छ।

क. सङ्घ, प्रदेश र स्थानीय तह बीचको सुदृढ सहकार्यको संस्कृतिबाटै सङ्घीय प्रणाली सुदृढ गर्दै लैजानु पर्ने,

ख. प्रदेश राजश्वको दायरा फराकिलो बनाउँदै प्रदेशलाई आत्मनिर्भर बनाउदै लैजानु पर्ने,

ग. प्रदेशको हिमाल, पहाड र तराईका जिल्ला एवम् स्थानीय तहबीचको सन्तुलित विकासको ढाँचा तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने,

घ. ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक रुपमा विश्व प्रसिद्ध सम्पदा लुम्बिनीको विकास र प्रवर्द्धनका लागि प्रदेश सरकारको वैधानिक भूमिका स्थापित गरी यसबाट प्रदेशले लिन सक्ने लाभको संभावनाको खोजी गर्ने,

ङ. प्रदेशमा पछाडि परेका सूचक एवम् आर्थिक-सामाजिक क्षेत्रमा लक्षित कार्यक्रम सहित अगाडि बढ्नुपर्ने,

च. प्रदेशलाई भौतिक पूर्वाधार विकासको केन्द्रको रुपमा विस्तार गरी स्थानीय तहको विकासको आवश्यकता पुरा गर्ने,

छ. प्रदेशको चालु खर्चको दायित्व र भार कम गर्दै पूँजिगत खर्चको दायरा विस्तार गर्ने,

ज. प्रदेश राजधानीको गुरुयोजनाका कार्य अघि बढाउन लगानी साझेदारको खोजी गरी अत्याधुनिक शहरको विकास गर्ने कार्य अगाडि वढाउनु पर्ने,

झ. संस्थागत क्षमताको विकास, सुशासन र भ्रष्टाचारको नियन्त्रण गर्ने,

ञ. विकास व्यवस्थापनमा उपलब्ध श्रोतको वस्तुगत आधारमा प्राथमिकता निर्धारण गरी आयोजना छनौट गर्ने र शुरु गरिएका आयोजना तोकिएको समयमा पुरा हुने सुनिश्चित गर्ने।



(मा. प्रदेश प्रमुखज्यू बाट मुख्यमन्त्रीमा नियुक्ती पत्र बुझ्दै मा. मुख्यमन्त्रीज्यू)




(मा. मुख्यमन्त्रीज्यू लगायत अन्य विशिष्ट पदाधिकारी सहित सपथ ग्रहण समारोहमा)




**(मा.मुख्यमन्त्रीज्यूले मुख्यमन्त्री पदको  सपथ लिदै)**




**(मा.मुख्यमन्त्रीज्यू बाट  पद बाहाली)**





**( मन्त्रिपरिषद्को बैठक संचालन)**